Nepal APFSD Youth Alliance

# उच्च स्तरीय संवाद सारांश र कार्यको लागि आह्वान

यो सारांश पेपर र कार्य आह्वान एसिया प्यासिफिक फोरम अन सस्टेनेबल डेभलपमेन्ट (ए.पी.एफ.एस.डी) युथ फोरम २०२१ मा सहभागी युवा र संस्थाहरूद्वारा सिर्जना गरिएको प्लेटफर्म नेपाल ए.पी.एफ.एस.डी युथ अलायन्स (नया) द्वारा प्रस्तुत गरिएको हो । यस पेपरले यौन तथा प्रजनन स्वास्थ्य र अधिकार, लैङ्गिक समानता र जलवायु कार्यमा क्षेत्रीय र अन्तर्राष्ट्रिय दिगो विकास लक्ष्य फलोअप र समीक्षा संयन्त्रका प्रमुख सुझावहरू साथै २०२१ मा नया द्वारा आयोजित उच्च स्तरीय संवादमा नेपालका प्रमुख सरकारी पदाधिकारीहरूले व्यक्त गरेका प्रतिबद्धताहरू प्रस्तुत गर्दछ ।

हाल, भिजिबल इम्प्याक्ट नयाको सचिवालयको रूपमा रहेको छ । भिजिबल इम्प्याक्ट युवा महिलाद्वारा नेतृत्वको गरिएको संस्था हो र यसले किशोरी, महिला र युवाहरूको सामाजिक र आर्थिक नेतृत्व विकास गर्दै प्रत्यक महिला, किशोरी र युवाको जीवनमा प्रत्यक्ष प्रभाव पार्ने लक्ष्य राखेको छ ।

*लेखकहरू*
**कमल गौतम**
**दिपेश लिम्बु**
**शिल्पा लामिछाने**
**लिऋशा तुलाधर**
**निशा अधिकारी**
**मनिषा थापा**
**मेधा शर्मा**

*समीक्षकहरू*
**नेपाल ए.पी.एफ.एस.डी युथ अलायन्स (नया) कार्यदल**

जनवरी २०२२ मा प्रकाशित

सर्वाधिकार सुरक्षित
थप जानकारीको लागि सम्पर्क:

Visible Impact

भिजिबल इम्प्याक्ट
२१२/४८ धापसी मार्ग, बसुन्धरा
+९७७ ९८४७६९७७९१ || mail.visim@gmail.com
www.visim.org

# १



## नेपाल ए.पी.एफ.यस.डि युथ अलायन्स (नया) को परिचय

नया एसिया प्यासिफिक फोरम अन सस्टेनेबल डेभलपमेन्ट (ए.पी.एफ.यस.डि) युथ फोरम २०२१ मा सहभागी युवा र संस्थाहरूद्वारा सिर्जना गरिएको प्लेटफर्म हो। नयाले राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरहरूमा दिगो विकासका लागि एजेन्डा २०३० को अग्रपंक्तिमा युवाहरूलाई परिकल्पना गर्छ । हाल, नयाको कार्य समूहमा युवाद्वारा नेतृत्व गरिएको लगभग दस संस्था र नेटवर्कहरू छन्, जसमा सबै विविधताहरूमा लगभग ७० युवाहरूको सदस्यता छ ।

नेपालमा १०-२९ वर्ष उमेर समूहका युवाहरू कुल जनसंख्याको ४१% भन्दा बढी छन्, जुन नेपालको इतिहासमा युवाहरूको सबैभन्दा उच्च अनुपात हो भन्ने कुरालाई नयाले मध्यनजर गर्दछ। यी युवाहरूमा गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा, लैङ्गिक समानता, स्वच्छ वातावरणको पहुँच र सबै निर्णय प्रक्रियाहरूमा अर्थपूर्ण र समावेशी रूपमा सहभागी हुने अवसर उपलब्ध गराइएमा एजेन्डा २०३० का लक्ष्यहरू पूरा गर्न सक्ने अवसर छ ।

यसै अनुरूप, नयाले दिगो विकास लक्ष्यका लागि क्षेत्रीय र अन्तर्राष्ट्रिय समीक्षा संयन्त्रहरूबाट प्रमुख सुझावहरु वरिपरि अभिमुखीकरण र सिकाइ आदानप्रदानलाई सहज बनाउन मुख्य निर्णयकर्ताहरू र युवाहरू बीच उच्च-स्तरीय संवादको आयोजना गरेको थियो । दिगो विकासको लागि उच्चस्तरीय संवाद दिगो विकास लक्ष्य कार्यान्वयनको प्रगतिको बारेमा मुख्य निर्णयकर्ताहरूबाट प्रतिबद्धताहरू प्राप्त गर्ने र युवाहरूलाई एजेन्डा २०३० को अग्रपंक्तिमा ल्याई राष्ट्रिय, क्षेत्रीय र विश्वव्यापी स्तरमा दिगो विकास लक्ष्य समीक्षा संयन्त्रका सुझावहरु कार्यान्वयन गर्ने प्रतिबद्धता सुन्ने अवसर थियो ।

२



# क्षेत्रीय र अन्तराष्ट्रिय फलो-अप र दिगो विकास लक्ष्य समीक्षा संयन्त्रका सुझावहरू

यस पेपरले सम्बन्धित सरकारी सरोकारवाला जस्तै - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, राष्ट्रिय तथा प्रादेशिक योजना आयोग, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय महिला आयोग, वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय युवा परिषद लगायतका सरकारी निकायलाई दिगो विकास लक्ष्यका क्षेत्रीय तथा अन्तर्राष्ट्रिय फलोअप र समीक्षा संयन्त्रका सुझावहरु प्रति आह्वान गर्दछ। साथै सम्बन्धित विकास साझेदारहरु जस्तै - गैर सरकारी संस्था, नागरिक समाज संस्था, युवा अभियानता, अधिवक्ता र युवालाई सो कार्यका लागि आवश्यक समर्थन गर्न पनि आग्रह गर्दछ।

**एसिया प्यासिफिक फोरम अन सस्टेनेबल डेभलपमेन्ट (ए.पी.एफ.यस.डि) युवा फोरमका प्रमुख सुझावहरुः**

**यौन तथा प्रजनन स्वास्थ्य र अधिकार**

१. सहयोग र समन्वय प्रवर्धन गर्नेः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले शिक्षा, युवा मन्त्रालय तथा अन्य सम्बन्धित क्षेत्रीय साझेदारहरूसँग सहकार्य र समन्वय गरी बृहत यौनिकता शिक्षा, यौन तथा प्रजनन स्वास्थ्य र अधिकार, र दिगो विकास लक्ष्यका विषयहरूलाई विद्यालय तहको पाठ्यक्रममा ल्याउनु पर्ने। साथै, सार्वजनिक-निजी साझेदारीलाई प्रोत्साहन गर्ने।

२. स्थानीय स्तरहरूमा नीति र निर्णय गर्ने सबै पक्षहरूमा युवा संलग्नता र समावेशीतालाई प्राथमिकता दिँदै यौन तथा प्रजनन स्वास्थ्य र अधिकारलाई प्रवर्धन गर्ने।

३. गुणस्तरीय स्वास्थ्य सेवा र सूचनामा पहुँच प्रदान गर्ने।

४. सबै स्वास्थ्य संस्थाहरूमा गुणस्तरीय किशोर-किशोरी स्वास्थ्य, लैङ्गिक र अपाङ्गतामैत्री सेवाहरू उपलब्ध गराउने।

५. यौन तथा प्रजनन स्वास्थ्य र अधिकार सम्बन्धि सूचना र सेवाहरू सबैको लागि पहुँचयोग्य बनाउने।

nlo%

**लैङ्गिक समानता**

१. महिला, यौनिक तथा लैंगिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्तिहरू, र अन्य सीमान्तकृत समुदायहरूको सुरक्षालाई प्राथमिकता दिँदै, गर्भपतन सेवा, गर्भनिरोधक, र सेनेटरी प्याडहरूमा पहुँचलाई प्राथमिकता दिई यौन तथा प्रजनन स्वास्थ्य सेवाहरूमा युवाहरूको समावेशी संलग्नता प्रवर्द्धन गर्ने ।

nlo!#

**जलवायु परिवर्तन**

१. जलवायु कार्यका लागि राजनीतिक संलग्नता र कार्यहरूलाई प्रोत्साहन गर्ने ।

२. स्वदेशी ज्ञान र सीपहरू पहिचान र प्रवर्द्धन गर्ने ।

३. हरित रोजगारी र हरित संयन्त्रको प्रवर्द्धन गर्ने, जस्तै, बायोगैस प्लान्ट, विद्युतीय सवारी साधनलाई प्रवर्द्धन गर्ने ।

४. जलवायु योजना, अनुसन्धान, कार्यान्वयन र अनुगमनमा जवाफदेहिता सुनिश्चित गर्ने ।

५. स्थानीय उद्यमशीलता र युवा आविष्कारहरू अनुसन्धान, लगानी र प्रवर्द्धन गर्ने ।

## ए.पी.एफ.यस.डि अन्तरसरकारी फोरमका प्रमुख सुझावहरु

nlo#

**लक्ष्य ३ – यौन तथा प्रजनन स्वास्थ्य र अधिकार**

१. विद्यालय भित्र र बाहिर मानव अधिकार र लैङ्गिक समानता (अन्तर्राष्ट्रिय प्राविधिक मार्गनिर्देशन संग पङ्क्तिबद्ध) लाई प्रवर्द्धन गर्ने गुणस्तरीय बृहत यौनिकता शिक्षा बढाउने; र युवाहरूका लागि वृहत यौ निकता र प्रजनन स्वास्थ्य सेवाहरूको उपलब्धता, पहुँच, स्वीकार्यता र गुणस्तर सुधार गर्ने ।

nlo%

**लैङ्गिक समानता**

१. महिला, युवा, अपाङ्गता भएका व्यक्तिहरू, घरमा काम गर्ने कामदारहरू र आप्रवासी कामदारहरूलाई ध्यानमा राखेर यी समूहहरूका लागि सुरक्षित काम गर्ने वातावरणको प्रवर्द्धन गर्ने ।

२. भेदभाव, हानिकारक सामाजिक मान्यता, अभ्यासहरू र लैङ्गिक बिभेदहरूलाई सम्बोधन गरेर लैङ्गिक हिंसा र बालबालिका माथि हुने हिंसा उन्मूलन गर्ने प्रयासलाई तिव्रता दिने ।

nlo!#

**जलवायु परिवर्तन**

१. जोखिममा परेका क्षेत्र र समुदायका लागि जलवायु सूचना सेवालाई बलियो बनाउने ।

२. नीतिगत कार्यहरूमा युवा, महिला, जोखिमका र सीमान्तकृत समुदायको सशक्तिकरण समावेश गर्ने ।

३. दिगो विकासको लागि शिक्षामा जलवायु परिवर्तनलाई मूलधार बनाउने ।

४. नीतिहरूले जलवायु परिवर्तनको परिणाम स्वरूप शैक्षिक अवसरहरूमा आउने अवरोधलाई सम्बोधन गर्न सुनिश्चित गर्ने ।



## उच्चस्तरीय राजनीतिक फोरम (एच.एल.पी.एफ) का प्रमुख सुझावहरु

nlo#

### यौन तथा प्रजनन स्वास्थ्य र अधिकार

१. स्थानीय सरकारको नीति र निर्णय गर्ने सबै पक्षहरूमा युवा संलग्नता र समावेशीतालाई प्राथमिकता दिँदै सार्वजनिक-निजी साझेदारी र यौन तथा प्रजनन स्वास्थ्य र अधिकारलाई प्रवर्द्धन गर्ने ।

२. अन्य सम्बन्धित क्षेत्रीय साझेदारहरूसँग, शिक्षा मन्त्रालयले बृहत यौनिकता शिक्षा, यौन तथा प्रजनन स्वास्थ्य र अधिकार, र दिगो विकास लक्ष्यका विषयहरू विद्यालय र विद्यालयको पाठ्यक्रम बाहिर ल्याउदै विद्यार्थीहरूको लागि मनोसामाजिक सहयोग र परामर्श प्रदान गर्नमा ध्यान केन्द्रित गर्ने ।

nlo%

### लैङ्गिक समानता

१. महिलाको नेतृत्वमा जोड दिँदै उनीहरुको जीवन एवं स्वास्थ्यमा प्रभाव पार्ने नीति तथा कार्यक्रमको योजना, बजेट, कार्यान्वयन र अनुगमन कार्यमा पूर्ण, प्रभावकारी र समान सहभागिता सुनिश्चित गर्ने ।

२. भूमि तथा प्राकृतिक स्रोतहरूमा महिलाको समान पहुँच र नियन्त्रणमा ध्यान केन्द्रित गर्ने ।


nlo!#

### जलवायु परिवर्तन

१. सरकारले कोभिड-१९ संकटबाट पुनर्स्थापनाका लागि दिगो, समावेशी र जलवायु-प्रति उत्तरदायी आर्थिक नीतिहरू दिगो विकास रणनीतिको महत्त्वपूर्ण तत्वको रूपमा स्थापित गर्दै राष्ट्रिय परिस्थिति, आवश्यकता र प्राथमिकताहरूलाई ध्यानमा राखी जलवायु-उत्थानशील, समावेशी र न्यायोचित परिवर्तनमा तत्काल लगानी सुनिश्चित गर्नु पर्ने ।



३



# उच्च-स्तरीय संवादमा प्रमुख निर्णयकर्ताहरूबाट आएको प्रतिबद्धताहरू

नयाले २१ सेप्टेम्बर २०२१ मा दिगो विकास एजेन्डाको अग्रपंक्तिमा युवाहरूलाई समावेश गर्ने बारे छलफल गर्न प्रमुख निर्णयकर्ता र युवाहरूलाई भर्चुअल फोरममा एकसाथ ल्याइ एक उच्च-स्तरीय संवादको आयोजना गरेको थियो। प्रमुख युवा अभियानता; विशेषज्ञ; सरकारका पधाधिकारी गरि लगभग १०० सहभागीहरू जुम मार्फत सम्मिलित भए भने अझै धेरै युवाहरू सामाजिक सञ्जाल लाइभ स्ट्रिम मार्फत यसमा सामेल भए।

संवादमा भाग लिने विभिन्न संघीय र प्रादेशिक संस्थाका प्रमुख सरकारी अधिकारीहरूले उनीहरूले कसरी विभिन्न तहमा युवाहरूलाई संलग्न गराउँदै आएका छन् र दिगो विकास एजेन्डा २०३० मा युवाहरूलाई अग्रस्थानमा राख्ने प्रगतिशील प्रतिबद्धताहरू पनि प्रस्तुत गरेका थिए। त्यस्ता प्रतिबद्धताहरू र उनीहरूको शब्दश: निम्नानुसार उद्धृत गरिएको छ:

**श्री कविता अर्याल, परिवार नियोजन/प्रजनन स्वास्थ्य शाखा प्रमुख, परिवार कल्याण महाशाखा**

राष्ट्रिय किशोर किशोरी स्वास्थ्य तथा विकास रणनीतिको सहयोगमा परिवार कल्याण महाशाखाले युवा तथा किशोरकिशोरीका लागि काम गर्दै सबै उपसमितिभित्र किशोर-किशोरी र युवाहरुको लागि नीतिगत निर्देशन दिँदै आएको छ ।

> ***सामुदायिक तहमा समन्वय र गतिविधिहरू सञ्चालन गर्न योजना चरणदेखि नै युवा र किशोरकिशोरीको सहभागिता सुनिश्चित गर्न आवश्यक छ।***
>
> श्री कविता अर्याल, परिवार नियोजन/प्रजनन स्वास्थ्य शाखा प्रमुख, **परिवार कल्याण महाशाखा**

- हामीले स्थानीय तहमा स्थानीय सरकार र अन्य सरोकारवालाहरूले सुरु गरेका कार्यक्रमहरूमा युवा तथा किशोरकिशोरीहरूसँग सहकार्य गरी स्थानीय तहमा किशोरकिशोरी-मैत्री स्वास्थ्य सेवा सञ्चालन गर्ने काम गरिरहेका छौं ।

- किशोर-किशोरी मैत्री स्वास्थ्य सेवाहरूको प्रावधान अत्यावश्यक छ, त्यसकारण हामी युवा र किशोर-किशोरीहरू बीच आइ.इ.सी, बि.सी.सी को पहुँचको लागि पनि काम गर्नेछौं ताकि उनीहरूले स्थानीय तहहरूलाई योगदान दिँदै आफुले पनि लाभ लिन सक्नेछन् ।

- महाशाखाले किशोरकिशोरी-मैत्री स्वास्थ्य सेवाको उचित व्यवस्थापनका लागि युवा संस्थाहरूसँग उनीहरूको साझेदारी बढाउन काम गरिरहेको छ ।

दिगो विकास लक्ष्य प्राप्तिका लागि राष्ट्रिय योजना आयोगले ४ गतिविधि अन्तर्गत काम गरिरहेको छः आवश्यकता र प्राथमिकताहरुको पहिचान, सम्पूर्ण स्तरका गतिविधि र कार्यक्रमहरुका लागि स्रोतसाधन व्यवस्थापन, विभिन्न क्षेत्रका लागी लगानी र संस्थागतीकरण ।

### श्री खिल राज राई, कार्यक्रम निर्देशक, राष्ट्रिय योजना आयोग

- दिगो विकास लक्ष्य स्थानीयकरण निर्देशिकाको सहयोगमा स्थानीय स्तरमा दिगो विकास लक्ष्यलाई प्रासंगिक बनाउन आयोगले ७५३ स्थानीय तहहरूमा काम गरिरहेको छ । थप रूपमा, दिगो विकास लक्ष्य आत्म-रिपोर्ट समीक्षाहरू गरिंदै सुधारहरू थपिएका छन् - यी काम आगामी दिनहरुमा पनि जारी रहनेछन् ।

- २५०० अर्ब बजेटमध्ये करिब १५०० अर्ब मात्र दिगो विकास लक्ष्य कार्यान्वयनमा खर्च भएको छ भने निजी क्षेत्र, बैदेशिक रोजगारी र अर्थतन्त्रका लागि अन्य धेरैजसो रकम आन्तरिक बजेटबाट खर्च हुन सकेको छैन । आयोगले यस चुनौतीलाई सम्बोधन गरि दिगो विकास लक्ष्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न काम गरिरहेको छ ।

- युवाहरूसँगको आयोगको कामको सन्दर्भमा, यसले युवा विकास र दिगो विकास लक्ष्यको उपलब्धिको लागि विभिन्न युवा प्लेटफर्महरू जस्तै राष्ट्रिय युवा परिषद्, राष्ट्रिय खेलकुद परिषद् र अन्य विभिन्न सरोकारवालाहरूसँग सहकार्य र समन्वय गर्दै आएको छ ।

**प्रत्येक प्रदेशमा युवा केन्द्र स्थापना गरी स्थानीय तहमा युवा सहभागिता र समावेशीता प्रवर्द्धन गर्न आयोगले पहल गर्दै आएको छ । संघीय कानून र नीतिगत निर्णय प्रक्रियामा युवाहरूको सहभागिता सुनिश्चित गर्दै सबै तहमा युवाहरूको उचित सहभागिता सुनिश्चित गर्नका लागि पनि आयोगले काम गर्दै आएको छ ।**

**दिगो विकास लक्ष्य हासिल गर्नका निमित्त कार्यक्रम/गतिविधिहरूको प्रभावकारी कार्यान्वयन, समन्वय र योजना निर्माणका साथसाथै कार्यक्रम र बजेट सम्बन्धी सम्पूर्ण सुझावलाई आयोगले आत्मसात गर्ने प्रतिबद्धता जाहेर गर्दछ ।**

श्री खिल राज राई, कार्यक्रम निर्देशक,
**राष्ट्रिय योजना आयोग**

### श्री मिलन ढुंगाना, उप-सचिव, जलवायु परिवर्तन व्यवस्थापन विभाग, वन तथा वातावरण मन्त्रालय

सामान्यतया, दिगो विकासमा योगदानका लागी वन र वातावरण क्षेत्रले सबैभन्दा ठूलो अवसर र क्षमता बोकेको हुन्छ ।वन क्षेत्रले बहुसंख्यक दिगो विकास लक्ष्यहरू छुँदै, जलवायु, जैविक विविधता र वातावरण-सम्बन्धित लक्ष्यहरूमा महत्त्वपूर्ण भूमिका खेल्छ किनभने यसले जलवायु सन्तुलनमा अद्वितीय भूमिका खेल्छ भनि केही अध्ययनहरूले देखाएको छ ।

- नेपाल सरकारले आफ्ना गतिविधिहरूमा विविध उमेर समूह, लिङ्ग, संस्कृति र क्षमताका सबै नागरिकहरूको समावेशिता र सहभागितालाई उच्च प्राथमिकता दिन्छ । त्यसैले वन तथा वातावरण मन्त्रालयको हरेक पहलमा युवाको संलग्नतालाई समावेशीताको अङ्गका रूपमा हेरिन्छ ।

- जलवायु परिवर्तन नीति - २०१९ ले जलवायु नीति तर्जुमा, संस्थागत व्यवस्था र जलवायु कार्यहरूको योजना र कार्यान्वयनमा सबै लिङ्गहरूको मुलधार सहभागिताको व्यवस्था गरेको छ । त्यस्तै हालको नीतिले जलवायु परिवर्तनको न्यूनीकरण र अनुकूलन लगायतका विभिन्न क्षेत्रमा चेतना अभिवृद्धि र क्षमता निर्माणमा युवाको भूमिकालाई जोड दिएको छ । तसर्थ, हामी यी क्षेत्रहरूमा युवाहरूको संलग्नताको लागि तत्पर छौं ।

- मन्त्रालयले नियमित सभा - सम्मेलन तथा सम्झौतामा उनीहरूको सहभागिता सुनिश्चित गर्दै राष्ट्रिय र अन्तर्राष्ट्रिय जलवायु परिवर्तन वार्तामा युवाहरूको संलग्नतालाई प्राथमिकता दिएको छ र युवा अनुसन्धानकर्ताहरूलाई आर्थिक सहयोग र युवा विद्यार्थीहरूलाई इन्टर्नशिप र अन्य अवसरहरू उपलब्ध गराइ निरन्तर प्रोत्साहित गरेको छ ।

- मन्त्रालयले कार्य योजनामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण रणनीतिहरू समावेश गरेको छ र नापा जस्ता योजना प्रक्रियाहरूमा सबै क्षेत्रका युवाहरूको सहभागितामा जोड दिई, रणनीति र कार्य योजना तर्जुमामा युवाहरूको सहभागिता सुनिश्चित गर्दै प्रदेश सरकारहरूलाई प्रोत्साहन समेत दिइरहेको छ ।

> ***म, वन तथा वातावरण मन्त्रालयको तर्फबाट मन्त्रालयले हरेक उपयुक्त, सम्भव र सम्भाव्य तरिकाबाट युवाहरूको सहभागिता सुनिश्चित गर्नेछ भनी आश्वस्त पार्न चाहन्छुह विशेष गरी सीमान्तकृत, युवा महिला र अपाङ्गता भएका युवाहरूलाई मन्त्रालयसँग सम्बन्धित दिगो विकास लक्ष्य हासिल गर्न – विशेष गरी जलवायु कार्य र जैविक विविधता सम्बन्धी लक्ष्यहरूमा समावेश गरिनेछ ।***
>
> श्री मिलन ढुंगाना, उप-सचिव, जलवायु परिवर्तन व्यवस्थापन विभाग, **वन तथा वातावरण मन्त्रालय**

### श्री बामदेव क्षत्रि, उपाध्यक्ष, प्रदेश योजना आयोग, लुम्बिनी प्रदेश

दिगो विकास लक्ष्यको स्थानीयकरण, प्रदेश तथा स्थानीय तहमा विद्यमान विभिन्न मुद्दाहरू चुनौतिपूर्ण छन् तर शिक्षा, प्राथमिक स्वास्थ्य सेवा, खानेपानी, पूर्वाधार विकास, सरसफाइ, कृषि जस्ता क्षेत्रमा ध्यान दिई नेपालमा दिगो विकास लक्ष्यहरूलाई सन्दर्भबद्ध बनाउनु पर्ने खाँचो रहेको छ ।

> ***दिगो विकास लक्ष्य युवाहरूसँग जोडिएको छ र नेपालको सन्दर्भमा यसको रणनीतिक कार्यान्वयनको ठुलो आवश्यकता छ ।***
>
> श्री बामदेव क्षत्रि, उपाध्यक्ष, प्रदेश योजना आयोग, **लुम्बिनी प्रदेश**



# SUSTAINABLE DEVELOPMENT GOALS

1 NO POVERTY

2 ZERO HUNGER

3 GOOD HEALTH AND WELL-BEING

4 QUALITY EDUCATION

5 GENDER EQUALITY

6 CLEAN WATER AND SANITATION

7 AFFORDABLE AND CLEAN ENERGY

8 DECENT WORK AND ECONOMIC GROWTH

9 INDUSTRY, INNOVATION AND INFRASTRUCTURE

10 REDUCED INEQUALITIES

11 SUSTAINABLE CITIES AND COMMUNITIES

12 RESPONSIBLE CONSUMPTION AND PRODUCTION

13 CLIMATE ACTION

14 LIFE BELOW WATER

15 LIFE ON LAND

16 PEACE, JUSTICE AND STRONG INSTITUTIONS

17 PARTNERSHIPS FOR THE GOALS

SUSTAINABLE DEVELOPMENT GOALS

Government of Nepal
Ministry of Youth and Sports

United Nations Nepal

# युवा तथा दिगो विकास लक्ष्यहरू

**दिगो विकासमा युवाहरुको सहभागिता प्रवर्धन एवं सुनिश्चित गर्ने ।**

**१ गरिबीको अन्त्य**
विकास एवं गरिबी न्यूनीकरणको अनुगमन कार्यमा स्थानीय युवाहरुलाई सहभागी गराउने ।

**२ भोकमरीको अन्त्य**
कृषि सम्बन्धी नवीन र स्मार्ट प्रविधि बारे ज्ञान भएका युवाहरुको कृषि व्यवसायमा आकर्षण र सहभागिता बढाउने ।

**३ सुस्वास्थ्य तथा समृद्ध जीवन**
युवावर्गमा स्वास्थ्य अधिकार सुनिश्चित गर्ने, विशेषत: किशोरकिशोरीहरुको यौन र प्रजनन स्वास्थ्य तथा अधिकार सुनिश्चित गर्ने ।

**४ गुणस्तरीय शिक्षा**
रोजगारी, मर्यादित काम र उद्यमशिलताको लागि प्राविधिक तथा व्यवसायिक शीप भएका युवाको संख्यामा वृद्वि गराउने ।

**५ लैङ्गिक समानता**
बालविवाह र जबरजस्ती विवाह र छाैपडी जस्ता सामाजिक कुरीतिहरुलाई अन्त्य गर्न युवाहरुलाई सशक्त बनाउने ।

**६ स्वच्छ पिउने पानी तथा सरसफाइ**
समुदायमा स्वच्छ पानी तथा सरसफाईको पहुँच सुनिश्चित गर्न स्थानीय युवा संजाललाई परिचालन एवं संलग्न गराउने ।

**७ किफायती र स्वच्छ उर्जा**
स्वच्छ, किफायती र दिगो उर्जामा युवाको नवीन खोज प्रवर्द्धन गर्ने ।

**८ मर्यादित काम र आर्थिक वृद्धि**
रोजगार, शिक्षा र तालिम पाएका युवाहरुको अनुपात बढाउने ।

**९ उद्योग, नवीन खोज र पूर्वाधार**
सुचना तथा संचार प्रविधिमा युवाको पहुँच बढाउने र विश्वव्यापी किफायती इन्टरनेटमा पहुँच पुऱ्याउन प्रयास गर्ने ।

**१० असमानता न्यूनीकरण**
सामाजिक, आर्थिक र राजनितिक समावेशीकरणमा सबै युवाहरुलाई सशक्त बनाउने ।

**११ दिगो शहर र समुदाय**
विश्व सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण र सुरक्षा गर्न युवाको संलग्नतालाई सुदृढीकरण गर्ने ।

**१२ दिगो उपभोग तथा उत्पादन**
फोहोर न्यूनीकरण, पुन:प्रयोग र पुन:प्रशोधनबाट फोहोर व्यवस्थापन गर्न युवा स्वंयमसेवा र नवीनतलाई प्रोत्साहन गर्ने ।

**१३ जलवायुमा पहल**
महिला, युवा, स्थानीय र सिमान्तकृत समुदायमा केन्द्रित भएर जलवायु परिवर्तनसँग सम्बन्धित प्रभावकारी योजना तर्जुमा तथा व्यवस्थापन गर्न क्षमता सुद्धिढिकरण गर्ने संयन्त्रलाई प्रवद्धन गर्ने ।

**१४ जलमुनिको जीवन**
नदि, तालतलैयाहरुको दिगो व्यवस्थापन गर्न युवाको सहभागिता बढाउने ।

**१५ जमिन माथिको जीवन**
स्थलिय र जमिनमाथिको जलिय पर्यावरण, विषेश गरि वनजंगल, सिम्सार क्षेत्र, सुख्खा भूमिको संरक्षण, पुर्नस्थापना र दिगो उपयोग सुनिश्चित गर्न युवाको संलग्ता बढाउने ।

**१६ शान्ति, न्याय र सशक्त निकायहरू**
निर्णय लिने सबै तहहरुमा युवा प्रतिनिधित्व सुनिश्चित गर्ने, प्रभावकारी, जवाफदेही र पारदर्शी निकाय निर्माण गर्ने कार्यमा युवाहरुलाइ संलग्न गराउने ।

**१७ लक्ष्य प्राप्तिका लागि साझेदारी**
युवावर्गमा लक्षित समान धारणा भएका संघसंस्थाहरुलाई कुनै साझा एजेण्डा लिएर एकीकृत पद्धति अपनाई लक्ष्य हासिल गर्न उत्प्रेरित गर्ने ।

National Youth council

THE GLOBAL GOALS
For Sustainable Development

भिजिबल इम्प्याक्ट
२१२/४८ धापसी मार्ग, बसुन्धरा
+९७७ ९८४७६९७७९१ || mail.visim@gmail.com
www.visim.org